# सामुदायिक वनबाट खाद्य सुरक्षाका सम्भावना र चुनौती

नयाँ शर्मा पौडेल[1], राहुल कार्की[2] र कमल भण्डारी[3]

## १. परिचय

यस लेखले ग्रामीण क्षेत्रमा भइरहेको आर्थिक, सामाजिक र वातावरणीय परिवर्तनको सन्दर्भमा सामुदायिक वन द्वारा खाद्य सुरक्षा प्रवर्द्धनका सम्भावना र चुनौतीहरुमा प्रकाश पार्दछ। सामुदायिक वन (सा.व.) कार्यक्रम नेपालको प्राकृतिक स्रोत व्यवस्थापनका कार्यक्रम मध्ये उल्लेखनीय मानिन्छ र यसको सफलता विश्वसामु पुगिसकेको छ। वन व्यवस्थापनका लागि मात्र नभएर सा.व.ले ग्रामीण तहमा जीविकोपार्जन र प्रजातान्त्रिक संस्थाको सबलीकरणमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको छ। हाल नेपालको कुल वन क्षेत्रको करिब ३० प्रतिशत (१८ लाख हेक्टर) वन करिब २१ हजार सा.व. उपभोक्ता समूहद्वारा व्यवस्थापन भइरहेको छ। थुप्रै सफलता पाउँदा पाउँदै पनि सा.व.ले समुदायको र सिंगो देशको अर्थतन्त्र, खासगरी बढ्दै गएको खाद्यान्न संकटलाई सम्बोधन गर्न पर्याप्त योगदान दिन सकेको छैन। विश्वमा खाद्य सुरक्षा ज्यादै ठूलो समस्याको रूपमा देखिएको र नेपालमा पनि यो समस्या जटिल हुँदै गएको दखिन्छ। बढ्दो सहरीकरण र खेतीयोग्य जमिन घटिरहेको अवस्थामा स्थानीयहरुको खाद्य सुरक्षाको समस्या कसरी समाधान गर्ने भन्ने विषयमा छलफल भने नभएका होइनन्। एकतर्फ कृषि उत्पादनमा कमी भई परनिर्भरता बढेको अवस्था छ भने अर्कोतिर वनमा निर्भर समूहहरुले वनबाट आफ्नो खाद्य सुरक्षा सुनिश्चित गरिरहेका छन्। त्यसमा पनि विशेषगरी समुदायमा आधारित वन समूहमा यो बढी देखिन्छ। जसको नीति जग्गामा पहुँच छैन- त्यस्ता वर्गका देखिन्छ। वन, खाद्य सुरक्षाका दृष्टिकोणले अझैं महत्वपूर्ण छ। यसै सन्दर्भ केही प्रश्न महत्वपूर्ण देखिन्छन्। जस्तै, सा.व. र खाद्य सुरक्षाको सम्बन्ध कस्तो छ ? वनका नीति, कार्यक्रम र अभ्यासले कुन हदसम्म उपभोक्ताहरुको खाद्य सुरक्षामा सघाएको छ या छैन ? र यससम्बन्धी चुनौतीहरु के/के छन् ? यो लेखमा यिनै प्रश्नको जवाफ खोज्ने प्रयास गरिएको छ।

## २. बदलिँदो ग्रामीण अवस्था

ग्रामीण तहको सामाजिक, आर्थिक तथा वातावरणीय अवस्था बदलिँदो क्रममा छ। व्यवसायीकरण, सहरीकरण, मुद्रीकरण, कृषिसँग बढ्दो दूरी र बसाइसराइले वन र मानिसको अन्तर्सम्बन्धलाई कमजोर पारेको छ। खासगरी यी परिवर्तनले स्रोतका गरिब र जीविकोपार्जनलाई विविधीकरण गर्न नसक्ने, वर्गको खाद्य सुरक्षामा नकारात्मक असर पारेका छन्। यो बदलिँदो ग्रामीण अवस्थाको सन्दर्भमा सा.व.कार्यक्रम कसरी अझै उपयोगी बन्ने भन्ने चुनौती छ। सा.व.ले बदलिँदो यो परिवेशमा वनमा निर्भर ग्रामीण क्षेत्रका किसान खासगरी गरिब तथा अन्य सीमान्कृत समुदायको खाद्य सुरक्षामा सघाउनुपर्ने हुन्छ। ग्रामीण क्षेत्रमा पछिल्लो समय देखिएका बदलिँदो अवस्था निम्न प्रकारका छन्:

### २.१ व्यवसायीकरण

केही दशकयता कृषिजन्य र पशुजन्य पैदावारको उत्पादन बढे पनि ग्रामीण क्षेत्रले बढ्दो बजारको पहुँचबाट लाभ उठाउन सकिरहेको छैन। ग्रामीण क्षेत्रका कृषक आफूले उत्पादन गरेका बाली प्रशोधन नगरी कच्चा रूपमा बेच्ने गर्छन्। यसले गर्दा ग्रामीण क्षेत्रका कृषकले बजारले उपलब्ध गराएका अवसहरुबाट फाइदा लिन सकेका छैनन्।

### २.२ सहरीकरण

विगत ३० वर्षको अन्तरालमा सहरी क्षेत्रको कुल जनसंख्या करिब दुई गुणाले बढेको छ। राजमार्गका

१ लेखक फरेष्टएक्सन नेपालमा वातावरणीय सुशासन विषेशज्ञका रूपमा कार्यरत हुनुहुन्छ। सम्पर्कः nspaudel@gmail.com
२ लेखक फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रूपमा कार्यरत हुनुहुन्छ।
३ लेखक फरेष्टएक्सन नेपालमा तालिम तथा वकालत विषेशज्ञका रूपमा कार्यरत हुनुहुन्छ।

छेउछाउका साना व्यापारिक केन्द्र शहरीकरणसँगै आफ्नो रूप फेर्दैछन् । यसको प्रभाव ग्रामीण अर्थतन्त्रमा परेको छ । राष्ट्रिय उत्पादकत्व कमजोर रहेको अवस्थामा ग्रामीण क्षेत्रबाट उपयोग योग्य वस्तु सहर छिर्ने गर्दछ र बाहिरी मुलुकबाट आयातित वस्तु गाउँ छिर्दछ । आयातित वस्तुले सहरी बजार ओगटेको अवस्थामा ग्रामीण भूभागका केही सीमित तरकारी, कुखुरापालन र डेरी उद्योगले मात्र सहरी बजारको लाभ उठाउन सकेका छन् ।

## २.३ मुद्रीकरण

मुद्रीकरण भन्नाले वस्तु र सेवाको कारोबार नगदमा हुने अवस्था बुझिन्छ । ग्रामीण क्षेत्रमा समेत वस्तु विनिमय लोप भइसकेको छ र मुद्रीकरण बढेको छ । फस्टाउँदो बैंकिङ सुविधा, रेमिटेन्स, घट्दो श्रमशक्ति र भित्रिँदो खाद्यान्न वस्तुका कारण ग्रामीण क्षेत्रमा छिटो/छिटो मुद्रीकरण भइरहेको छ । खासगरी शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक सेवा महँगो हुँदै जाँदा यसले परम्परागत खेती प्रणालीको सट्टा नगद कमाउने खेती प्रणालीमा जान वा नगद आउने अन्य पेशा रोज्न बाध्य पारेको छ ।

## २.४ कृषिसँग बढ्दो दूरी

सन १९८० को दशकमा कृषिमा आश्रित ९०% जनसंख्या घटेर हाल ६६% मा झरेको छ । विगत २० वर्षको तथ्याङ्क हेर्ने हो भने कृषि क्षेत्रको वृद्धि (२.७-२.८%) लगभग उस्तै छ (Karkee 2008) । कृषिबाट टाढा भाग्नु नै गरिबीबाट बाहिर निस्कने मुख्य तरिका हो भन्ने अनुभव जनमानसमा छ । यसै बीच सरकारले कृषिमा गर्ने सार्वजनिक लगानीमा खासै सुधार गर्न सकेको छैन । पुरुषहरुको बढ्दो विदेश जाने क्रमले गर्दा हाल गाउँमा कृषि गर्नका लागि श्रमका रूपमा महिलावर्ग मात्र भएको अवस्था छ ।

## २.५ बसाइसराइ

सन् १९५० को दशकदेखि नेपालमा बसाइसराइ सुरु भयो । पहाडदेखि तराई, ग्रामीणदेखि सहरी क्षेत्र र अस्थायी रूपमा विदेसिनु बसाँइसराइका तीन मुख्य प्रकार हुन् । यी सबै प्रकारका बसाइसराइ आर्थिक अवस्था सुधार्नका लागि लक्षित छन् । जनसंख्या बृद्धि, वातावरणीय ह्रास, न्यून उत्पादकत्व र कृषिसँग बढ्दो दूरीका कारण खासगरी पहाडी र हिमाली भेगमा खाद्यान्नको अभाव हुँदै गएको छ ।

## २.६ जीविकोपार्जनको विविधीकरण

न्यूनस्तरको आम्दानी, परिवर्तित प्रविधि र बजारको पहुँचप्रतिको अवसरले गर्दा जीविकोपार्जनलाई विविधीकरण गर्ने गरिन्छ । कृषिबाट युवा जमात टाढिनुलाई विकास र सभ्यताको प्रतीकको रूपमा हेर्न थालिएको छ । ग्रामीण क्षेत्रमा हेर्ने हो भने विभिन्न तौरतरिकाको विविधीकरण भेटिन्छ । मुख्यतः १) कृषि प्रणालीभित्रै २) ग्रामीण गैर कृषि अर्थव्यवस्था, ३) तराई, सहरी क्षेत्र वा वैदेशिक रोजगारका लागि बसाँइसराइ ।

नेपाली समाजको एक हिस्साले ग्रामीण क्षेत्रमा आएका माथिका परिवर्तनबाट प्राप्त अवसरको उपयोग गर्दै जीविकोपार्जनमा सुधार ल्याएको छ । यिनै परिवर्तनका आधारमा केहीले २१औं शताब्दीको यो बजार र प्रविधिको युगमा अब वनतिर हैन- बजारतिर हेर्नुपर्ने तर्क गर्दछन् । तर समाजका गरिब, दलित, जनजाति र अन्य सीमान्कृत समूहले यसबाट खासै फाइदा लिन सकेका छैनन् र भविष्यमा पनि त्यस्तो सम्भावना कमै देखिन्छ । बरु उत्पादनका निजी साधन र स्रोत कमै भएकोले सामुदायिक वनलगायतका सामुदायिक र सार्वजनिक स्रोतमा उनीहरुको निर्भरता बढेको छ । त्यसबाहेक उपभोक्ताको तहमा पनि नयाँ आर्थिक, सामाजिक परिवेशमा सा.व. लाई कसरी प्रभावकारी बनाउने भन्ने विषय चुनौतीको रूपमा आएको छ । साथै सबै विविधीकरणबाट खाद्य सुरक्षा प्रबर्द्धन हुन्छ भन्ने हुँदैन । उदाहरणका लागि- नगदे बाली उब्जनी गर्ने कृषकहरु वा जडीबुटी व्यवसायमा संलग्न व्यक्ति अन्तर्राष्ट्रिय बजारको उतारचढावको जोखिममा पर्न सक्दछन् वा वन पैदावारको अनियन्त्रित र जथाभावी कटानले गर्दा वातावरण विनाश हुन सक्छ ।

## ३. खाद्य सुरक्षा र जीविकोपार्जनमा सामुदायिक वनको भूमिका

माथि उल्लेख गरिएजस्तो परिवर्तित सन्दर्भमा पनि वन व्यवस्थापन, खासगरी सामुदायिक वन र ग्रामीण

भेगका गरिब र अन्य सीमान्तकृत वर्गको खाद्य सुरक्षा कसरी गर्न सकिन्छ भन्ने विषय गहन अनुसन्धान र नीति बहसको मुद्दा बनेको छ । यो लेखमा सामुदायिक वनले मूलतः तीन तरिकाले खाद्य सुरक्षामा योगदान गर्न सक्ने देखाइएको छ ।

## ३.१ सामुदायिक वनमा पाइने जंगली खाद्यान्न र खानयोग्य चीजबीज

नेपाल अथाह जैविक विविधता भएको देश हो । वनबाट हामीले जंगली फलफूल, तरकारी, च्याउ, मह, गिट्ठा, भ्याकुर, पशुजन्य उत्पादनजस्ता खाद्यवस्तु उपयोग गर्छौं । जंगली खानेकुरा स्वादिष्टमात्र नभएर पौष्टिक पनि हुन्छ र दुःख परेका बेला खानेकुराको मुख्य स्रोत हुन आउँछ । यस्ता सयौं खाद्य वस्तु गरिब जनताले प्रयोग गर्दै आएका छन् । तथापि सा.व.का नीति र कानुनहरु जंगली खाद्य पैदावारको संरक्षण, व्यवस्थापन र उपयोगमा मौन छन् । त्यसै गरी सा.व.को कार्ययोजनामा पनि उपभोक्ता समूहद्वारा जंगली खाद्य वस्तु व्यवस्थापनका पक्षमा खासै उल्लेख गरिएको पाइँदैन । काठ, दाउरा, घाँसपात, जडीबुटी र चरनका विषयमा थुप्रै प्रावधान भए पनि जंगली खाद्य वस्तु व्यवस्थापनको पक्ष बेवास्ता भएको छ ।

## ३.२ वन र खेतीको अन्तर्सम्बन्धद्वारा खाद्य सुरक्षा प्रबर्द्धन

ग्रामीण कृषिमा आश्रित अर्थव्यवस्था हेर्ने हो भने वन र खेती प्रणालीको सम्बन्ध अन्योन्याश्रित देखिन्छ । चित्र १ मा देखाएजस्तै जंगलबाट प्रत्यक्ष जंगली खानेकुराबाहेक वनले विभिन्न तरिकाबाट खाद्य सुरक्षालाई सहयोग पुऱ्याएको हुन्छ ।

सन् १९७० को दशकदेखि नेपालमा विकेन्द्रीकरण र सामुदायिक तहमा वन व्यवस्थापन सुरु भयो । पहाडी क्षेत्रको बढ्दो वन फडानी वातावरणीय ह्रासको समाधानको लागि नेपालमा सामुदायिक वन कार्यक्रम सुरु भयो । यसै क्रममा वि.सं. २०४५ मा पारित वन गुरुयोजनाले स्थानीय स्तरका जनसमुदायलाई उपभोक्ता समूहमार्फत वन हस्तान्तरण गर्न दिशाबोध गऱ्यो । तदनुसार वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ अन्तर्गत समुदायलाई वन हस्तान्तरण गर्ने काम क्रम बढ्दै गयो । हाल नेपालको कुल जनसंख्याको ३५% जनसंख्याले २१ हजारभन्दा बढी समूहमार्फत वनको व्यवस्थापन गर्दै आएका छन् ।




**चित्र १: वन र खेतीको अन्तर्सम्बन्ध**

तर सा.व. सम्बन्धी नीति र कानुनहरुले यस्तो अन्तर्सम्बन्धलाई राम्रोसँग नबुझेको र प्रोत्साहन पनि नगरेको देखिन्छ । तलका केही प्रावधान हेरौं ।

- सामुदायिक वन क्षेत्रभित्र बाली लगाउँदा र भित्र्याउँदा खनजोत गर्नुपर्ने (जस्तै अदुवा, हलेदो आदि) र अन्नबाली (जस्तै धान, मकै) लगाउन पाइने छैन (MoFSC 2009: 55)।
- उपभोक्ता समूहले सामुदायिक वनको कार्ययोजनाले निषेध गरिएका कार्यको अतिरिक्त देहायको कुनै कार्य गर्नु तथा गराउनुहुँदैन - उपभोक्ता समूहले सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्न बालीबाहेकका लामो अवधिसम्म एउटै बोटले उत्पादन दिने खालका नगदे बाली लगाउन चाहेमा सोसम्बन्धी विवरण कार्ययोजनामा उल्लेख गर्नुपर्नेछ (GoN 1995, Article 28) ।
- वन नियमावली २०५१ ले सामुदायिक वनमा कार्ययोजनाले निषेध गरेको कार्यबाहेक वन फँडानी गरी खेतीपाती गर्न, घर वा छाप्रो बनाउन, भूक्षय हुने कुनै काम गर्न प्रतिबन्ध लगाएको छ (GoN 1995, article 31/1) ।

- सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्नबालीबाहेकका लामो समयसम्म एउटै बोटले उत्पादन लिन सकिने खालका बाँस, अम्रिसो, फलफूल र जडीबुटीजस्तो अन्य नगदे बालीमात्र लगाउन पाइनेछ (MoFSC 2009: 48) ।

क्रमश त्यस्तै वि.सं.२०४६ को वन गुरुयोजनाले हिमाली क्षेत्रको कृषकलाई पशुपालनमा नियन्त्रण गर्ने कोसिस गर्‍यो, यद्यपि पशुपालन त्यस क्षेत्रका किसानको आम्दानीको मुख्य स्रोत हो । त्यसैगरी काभ्रे र लम्जुङका सा.व.मा गरिएको एक अध्ययन अनुसार लगभग सबै सा.व.मा चरिचरण बन्द गरिएको छ (Khatri *et al.*2016) । यसले घरायसी तहमा पशुको संख्या घटाएको छ। पशुपालनले वन र खेतीलाई जोड्द छ ।वन स्रोतमा बाँच्ने पशुहरुले गोबर मल र जोताइ मार्फत कृषिलाई सघाउँछन् । वनबाट आउने पत्कर र सोत्तर माटोको उर्वरता जोगाउने लागि एक महत्वपूर्ण तत्व हो । खासगरी आयातित रासायनिक मल किन्न नसक्ने कृषकहरु पत्कर र सोत्तरको प्रयोग गर्छन् ।

## ३.३ वनमा आधारित आम्दानी र रोजगारको बढावा

वनमा निर्भर समुदायको खाद्य सुरक्षा बढाउन वनबाट हुने आम्दानी र रोजगारीले मुख्य भूमिका खेलेको हुन्छ । गत १५ बर्षको वनबाट भएको राजस्व हेर्ने हो भने सरकार र सा.व.उ.स.हरुको वनबाट हुने आम्दानीको ८०% काठको बेचबिखनबाट आएको देखिन्छ (Banjade 2012)। काठमा आधारित उद्योगले एक लाख ५० हजारभन्दा बढी जनालाई बर्सेनी रोजगार दिँदै आएको छ (ERI 2011)। एक अर्को अध्ययन अनुसार नेपालको सामुदायिक वनमा रहेका काठको दिगो व्यवस्थापनबाट वर्षेनि २७ अर्ब रूपैंया आम्दानी गर्न सकिने तथा यसबाट २१ हजार रोजगारी श्रृजना गर्न सकिने देखिएको छ । तथापि, व्यवसायमैत्री नीति नियमको अभाव, संरक्षणमुखि सोच र कतिपय समयमा अपारदर्शि प्रशासनका कारणले गर्दा काठ व्यवस्थापनबाट हुन सक्ने फाइदाको सदुपयोग हुन सकेको छैन । जस्तै काठ कटानको लागि अवलम्बन गर्नुपर्ने अप्ठ्यारा नीतिनियम र काठ कटान स्वीकृतिको लागि जिल्ला वन कार्यलयमा धाइरहनुपर्ने प्रविधि (Mahapatra 2001; Nagendra 2002) काठको बार्षिक बृद्धि दर र वार्षिक स्वीकृत काठ कटानको मात्रा तय गर्ने अव्यवहारिक तरिका र परम्परावादी सोच; हचुवाको भरमा नीतिनियम बन्ने चलन, वन प्राविधिक, सा.व.उ.स. र आम जनताको काठ कटान प्रति नकारात्मक सोच र कार्ययोजनाले तोकेको भन्दा कम काठ काट्ने प्रवृत्तिआदिले पनि काठ वा अन्य वन स्रोत व्यवस्थापनबाट लिनसक्ने आम्दानी र श्रृजना गर्न सकिने रोजगारी वन क्षेत्रको क्षमताभन्दा निकै कम छ ।

## ४. विरोधाभाष

माथिको छलफलले परिवर्तन हुँदै गरेको नेपालको ग्रामीण अर्थतन्त्रको सन्दर्भमा सामुदायिक वन व्यवस्थापनको माध्यमबाट खाद्य सुरक्षा बढाउन सकिने सम्भावना र यसका चुनौतीहरु प्रस्ट देखिन्छन् । नेपालको पहाडी क्षेत्रमा एकातिर सफल सामुदायिक वन कार्यक्रम छ भने अर्कोतिर चरम गरिबी र खाद्य संकट बढिरहेको छ। वास्तवमा हेर्ने हो भने पहाडी र हिमाली क्षेत्रमा खाद्य संकट एक मुख्य चुनौतीको रूपमा विकास भइरहेको छ। ७५ जिल्लामध्ये ३५ भन्दा बढी जिल्लाहरुखाद्य असुरक्षित क्षेत्रमा पर्दछन् र जसमा प्रायः पहाडी र हिमाली भेगका जिल्लाहरु छन् (MoAC and WFP 2011)। कुल आम्दानीको ८०% कमाई खानेकुरामा खर्च गरे तापनि ५ बर्ष मुनिका ४०% बालबालिका कुपोषणग्रस्त छन् (NPC 2013:2) । खास गरी पश्चिम नेपालका पहाडी क्षेत्रहरुमा अनिकालको समस्या बर्सेनि बढिरहेको छ ।

जीविकोपार्जनमा देखिएको विविधीकरणको वावजुद नेपाली समाज र मुख्यतः ग्रामीण समुदायबीच गरिबी र खाद्य अभाव बढ्दो छ। नेपालको कुल गार्हस्थ्य आम्दानी अमेरिकी डलर ६४४ सहित संसारको गरिब राष्ट्रमध्ये पर्दछ र मानव विकास सूचकको आधारमा १८७ देश मध्ये १५७ स्थानमा छ (UNDP 2013)। हाल २५% जनसंख्या गरिबीको रेखामुनी पर्छन र ग्रामीण जनसंख्याले यसको मुख्य अंश ओगट्छ (CBS 2012) ।

गरिबी र खाद्य सुरक्षा बीच बलियो अन्तर्सम्बन्ध छ। जे जस्ता कारणले परिवार र समाजमा गरिबी बढ्छ, लगभग तिनै कारणले खाद्य असुरक्षा बढ्छ।

वन र खेतीको बलियो ऐतिहासिक सम्बन्ध वावजुद हाम्रो वनको नीति नियमले यो अन्योन्याश्रित सम्बन्धलाई बेवास्ता गरेका छन् ।वनको बुझाई वनको क्षेत्र, छत्र ढकनी, बायोमास वा जैविक विविधतामा सीमित छ। वनका अधिकारीहरु पनि वनबाट हुने आर्थिक र सामाजिक फाइदालाई महत्वपूर्ण र प्राथमिक उद्देश्य मान्दैनन्। त्यसैले होला वनबाट गरिबी न्यूनिकरण गर्ने वा स्थानीय एवं राष्ट्रिय अर्थव्यवस्था बलियो बनाउने विषय ओझेलमा परेका छन्।

## ५. निष्कर्ष

यस अध्ययनले के देखाउँछ भने देशको कुल जनसंख्याको ३५% जनसंख्या सा.व.मा आबद्ध भएको अवस्था र यस कार्यक्रममा गरिबी र पिछडिएका जनसंख्याको बलियो सहभागितालाई मध्यनजर गर्ने हो भने सा.व.बाट खाद्य सुरक्षाको प्रबर्द्धन राम्रोसँग गर्न सकिने अवस्था छ। वन क्षेत्रको जमिनको व्यवस्थापनसँगै काठ, गैरकाष्ठ वन पैदावार, घाँसपात, जंगली खाद्यान्न आदि व्यवस्थापन गर्न सके खाद्य सुरक्षा र पोषणको समस्या ठुलो हदसम्म न्यूनिकरण गर्न सकिन्छ। जंगली खाद्यान्नको संरक्षण र व्यवस्थापन, वन र खेतबारीको संगमद्वारा कृषिको प्रबर्द्धन, र वनमा आधारित आम्दानी र रोजगारको बढावा सा.व. र खाद्य सुरक्षा जोड्ने तीन रणनीति हुन्।

तर हाल सा.व. सम्बन्धि नीति, नियम र अभ्यासहरु, गरिबी र खाद्यसंकट न्यून गर्ने दिशामा सम्वेदनशील नभएको अवस्था छ। हालको कानुनी व्यवस्थाले वन क्षेत्रमा जंगली खाद्यान्नको व्यवस्थापन, चरणक्षेत्र, घाँसबालीको व्यवस्थापन, नगदेबालीको व्यवस्थापन आदिलाई निरुत्साहित गर्छ। हालको व्यवस्थाले काठ व्यवस्थापनबाट हुने आम्दानी र रोजगारको सम्भावनालाई पनि साँघुऱ्याएको छ।

प्रचलित वन व्यवस्थापन विज्ञानले वन-खेतीको ऐतिहासिक अन्तर्सम्बन्धलाई पर्याप्त रूपमा बुझेको देखिदैन। त्यसैले एकातिर वन र वन क्षेत्रको परिभाषालाई पुर्नस्थापना गर्न जरुरी छ भने अर्कातिर उत्पादकत्व बढाउनका लागि साबित स्रोत व्यवस्थापनका मोडल र संस्थागत व्यवस्थापनलाई सुधार गर्न आवश्यक छ। तथापि यो कार्य गर्दा सा.व.को दिगो व्यवस्थापनलाई मध्यनजर राख्नुपर्छ। दिर्घकालिन रूपमा हेर्ने हो भने सिकाइमुखी सामूहिक व्यवस्थापनको प्रबर्द्धन जसले उत्पादन प्रक्रिया, संस्थागत रचना, र बजार व्यवस्था प्रतिको सिकाईमुलक ज्ञान दिन्छ, त्यसलाई बढवा दिएमा सा.व.बाट खाद्य सुरक्षा दिगो रूपमा प्रबर्द्धन गर्न सकिन्छ।

## ६. सन्दर्भ सामग्री


**Banjade, M.R.** 2012. Discourse and Discursive Practices over Timber in Nepal. Journal of Forest and Livelihood, 10(1), 58-73.

**CBS.** 2012. National Population and Housing Census 2011. Central Bureau of Statistics, Government of Nepal.

**ERI.** 2011. Employment in forestry sector. Environmental Resources Institute, Lalitpur, Nepal.

**GoN.** 1995 . Forest Regulation 1995 . Ministry of Forest and Soil Conservation, Government of Nepal.

**Karkee, M.** 2008. Nepal Economic Growth Assessment Agriculture. USAID Nepal.

**Khatri, D.B., Shrestha, K.K., Ojha, H., Paudel, G., Paudel, N., and Pain, A.** 2016. Reframing community forestry governance for food security in Nepal. Environmental Conservation. doi:10.1017/S0376892916000369.

**Mahapatra, R.** 2001. Betrayed: Nepals Forest Bureaucracy Prepares for the Funeral of the Much Hailed Community Forest Management Programme. Down to Earth, 9 (22).

**MOAC and WFP.** 2011. Nepal Food Security Bulletin. Issue 33, November 2011. Ministry of Agriculture and Cooperative and World Food Programme. (http://documents.wfp.

org/stellent/groups/public/documents/ena/wfp246335 .pdf accessed on 5 January 2014).

**MOFSC.** 2009. Community Forestry Guideline. Ministry of Forest and Soil Conservation. Kathmandu, Nepal.

**NPC.** 2013. Nepal Thematic Report on Food Security and Nutrition 2013. Nepal Planning Commission, Central Bureau of Statistics, World Food Programme, World Bank, AusAid and Unicef.

**Nagendra. H.** 2002. Tenure and Forest Conditions: Community Forestry in the Nepal Terai. Environmental Conservation, 29(4): 530-539.

**UNDP.** 2013. Human Development Report 2013. The rise of the south: Human progress in diverse World. New York.